# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७।०७८
चलानी नं. : १२७२

मिति:२०७८/०३/०१

विषय: शैक्षिक सत्र प्रारम्भ, विद्यार्थी भर्ना एवम् सिकाइ निरन्तरता सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै)
चन्द्रकोट गाउँपालिका, गुल्मी।

प्रस्तुत विषयमा शिक्षा नियमावली (संशोधन सहित) २०५९ बमोजिम नयाँ शैक्षिक सत्र २०७८ असार १ गतेबाट सुरु भएकाले नयाँ शैक्षिक सत्रमा विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण एवम् सिकाइ निरन्तरताका लागि देहायअनुसार गर्नु गराउनुहुन अनुरोध छ।

देहाय

१. शैक्षिक सत्र २०७८ मा माथिल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको लागि असार १ गतेदेखि भर्नाको अभिलेख कायम गर्ने, विद्यालयले सम्भव भएसम्म आफ्नो सेवा क्षेत्रभित्र टेलिफोन वा अनलाइन माध्यमबाट अभिभावकहरुलाई सम्पर्क गरी विद्यार्थी भर्नाको उपयुक्त व्यवस्था मिलाउने। कुनै विद्यार्थी अन्य विद्यालयमा जान चाहेमा स्थानान्तरण प्रमाणपत्र विद्यालयबाट उपलब्ध गराउने व्यवस्था गर्ने।
२. विद्यालयले जनस्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड पुरा गरी शैक्षिक सत्र २०७८ का लागि विद्यालयमा भर्ना भएका सबै विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने साथै नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक तथा पाठ्यसामग्री मात्र प्रयोगको व्यवस्था मिलाउने।
३. विद्यार्थी सिकाइ सहजीकरण गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार सिकाइ निरन्तरताको व्यवस्था मिलाउने।
४. स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०७७ को कार्य सम्पादन मूल्यांकन फाराम भरी भराई मिति २०७८/०३/३० गतेसम्ममा विद्यालयमा दर्ता गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने।

............
०७८/०३/०१
(नयन सिंह ठकुरी)
शिक्षा अधिकृत

**नयन सिंह ठकुरी**
**शिक्षा अधिकृत**